# Frequently Asked Questions about COVID-19 Test (updated on 14th Sept.2020)

## १) कोभिड-१९ को परीक्षण कुन ठाउँमा गरिन्छ?

⇨ यो टेष्ट राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, लगायत देशका ७ वटै प्रदेशका ५०वटा प्रयोगशालामा गरिन्छ र थप प्रयोगशाला स्थापना हुने क्रममा छन् । (उक्त प्रयोगशालाहरुको नाम हेर्नलाई nphl.gov.npमा जानुहोला)

## २) कोभिड-१९ टेष्टको लागिकति पैसा लाग्छ?

⇨हाल सम्मको नेपाल सरकारको निर्णयानुसार National Testing Guidlineमा पर्ने विरामीको सरकारी अस्पतालमा निशुल्क परीक्षण गरिन्छ । निर्देशिकामा नपर्ने तथा निजी अस्पताल/ल्यावमा गरिने टेष्टको लागि अधिकतम रु.२०००।- लाग्छ ।

## ३) मैले आफ्नै खर्चमा टेष्ट गराउन कहाँ जाने?

⇨ माथि उल्लेख भएका कोभिड-१९ को परीक्षण गर्ने नजिकको प्रयोगशालामा सम्पर्क गर्नुहोला ।

## ४) के कोरोना भाइरस टेष्टको लागि नमूना संकलन गर्दा व्यक्तिलाई अफठ्यारो हुन्छ?

⇨ यस टेष्टको लागि थ्रोट स्वाब(Throat Swab), अथवा Nasopharyngeal Swabनमूना संकलन गरिन्छ । त्यही वेला नाक र घाँटीमा केही अफ्ठ्यारो महशुस हुने र खोकी लाग्ने र (५-१० प्रतिशतमा) नाकमा रगत देखापर्ने हुन सक्छ ।

## ५) के ६ - ७ घण्टा भित्र कोभिड-१९ टेष्ट नगरे नमूना विग्रन्छ?

⇨ नमूना नविग्रियोस भन्ने हेतुले कोल्ड बक्समा कोल्डचेन मेन्टेन गरि नमूना ढुवानी गरिन्छ ।

नमूना स्टोरेजको आधारमा नमूना सुरक्षीत राख्न सकिन्छ ।

२ देखि ८ डिग्री सेन्टीग्रेडमा :एक हप्ता

-२० डिग्री सेन्टीग्रेडमा:एक महिना

-८०डिग्री सेन्टीग्रेडमा : महिनौ सम्म

## ६) कोभिड-१९ परिक्षणको रिपोर्टआउनकति समय लाग्छ?

⇨ नमूनाको रिपोर्ट नमूनाको लोड हेरी प्रयोगशालामा प्राप्त भएको नमूना २४-७२ घण्टा सम्ममा उपलब्ध गराउने गरिएको छ ।

यदि नमूना परिक्षण गर्ने ल्यावमा पुगेको ७२ घण्टा पछि पनि रिपोर्ट नआए सम्बन्धीत ल्यावमा सम्पर्क गर्नुहोला

## ७) के नेगेटिभ र पोजेटिभ रिपोर्ट पाउने समय फरक पर्नेछ?

⇨ फरक पर्नेछ ।

- यदि रिपोर्ट नेगेटिभ भएमा नमूना संकलन गर्ने व्यक्ति (फोकल पर्सन) वा विरामीलाई दिइन्छ ।
- यदि रिपोर्ट पोजेटिभ भएमा रिपोर्ट शुरुमा विरामीलाइ जानेछैन, सो रिपोर्ट इपिडिमियोलोजी तथा रोग नियन्त्रण केन्द्र(इ.डि.सी.डी.)मा जानेछ। तहाँवाट स्थानिय निकायमा खवर गरी विरामीलाई सुरक्षित ठाउमा व्यवस्थापन भएपछि मात्र नमुना संकलन गर्ने फोकल व्यक्ति वा विरामीलाई रिपोर्टको जानकारी दिइन्छ ।

## ८) कोभिड-१९ परिक्षणको रिपोर्ट कसरी प्राप्त गर्ने?

⇨ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको हकमाराष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको वेभसाइटमा लगइन गरेर त्यहाँ दिएको निर्देशन अनुसार सो रिपोर्ट हेर्न या निकाल्न सकिन्छ । युजर-नेममा मोवाइलमा आएको कोडवा पेसेन्ट आइ.डी. राखी पासवर्डमा आफ्नो थर राख्नुहोला ।

अरु ल्याव को हकमा ल्याव अनुसार व्यक्ति नै ल्यावमा पुगेर लिने वा वेभसाइट वाट लिने व्यवस्था मिलाइएको हुन सक्छ । तसर्थ, नमूना दिने वेला नै रिपोर्ट के कसरी प्राप्त गर्ने वारे बुझ्नु होला ।

**९) के मेरो नमुना रद्द (रिजेक्ट)हुने अवस्था हुन सक्छ?**

⇨ ती नमुनाहरु ढुवानीको क्रममा पोखीएका या विभिन्न कारणले प्रोसेस गर्न नसकिने अवस्थामा नमुना रद्द (रिजेक्ट)हुन्छ। जस्तैः

- फाराम पूर्णरुपमा नभरिएको,
- अति आवश्यक विवरण पनि नभरेको,
- अक्षर नबुझिने तथा गलत विवरण भरेको,

सो भएमा नमुना संकलनगर्ने व्यक्तिलाई उक्तनमुना रद्द भएको वारे जानकारी गराइन्छ ।

**१०) के एकैसाथ संकलन भएको नमूनाको रिपोर्ट सँगै नआउन सक्छ?**

⇨ रिपोर्ट सँगै नआउन सक्छ, यसको निम्न लिखीत कारणहरु हुन सक्छ

- स्याम्पलहरु लटअनुसार प्रोसेस हुँदा
- माथि उल्लेख भएझै नेगेटिभ र पोजेटिभको रिपोर्ट फरक हुँदा
- उल्लेखित विवरण र गलत Entryको कारणले पनि रिपोर्ट प्राप्त गर्नमा ढिला हुनेछ ।

सो भएमा १-२ दिन पर्खिइ सम्पर्क गर्नुपर्ने हुन्छ ।

**११) के एक ठाउमा टेष्ट गराएको रिपोर्ट हेरेर मनखुशी तवरले अर्को ल्यावमा परीक्षण गर्न/ गराउन पाइन्छ?**

⇨ पाइदैन, यदि कुनै गुनासो भएमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालमा गुनासो गर्न सकिने छ ।

**१२) रिपोर्टमा व्यत्तिगत विवरणफरक पाउनु भएमा के गर्ने ?**

⇨ यदि रिपोर्टमा भएको विवरण सच्चाउनु पर्ने आवश्यक भएमा (परिचय खुल्ने) प्रमाण सहित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा निवेदन दिनु पर्ने हुन्छ। व्यक्तिगत रुपमा उपस्थित हुन नसकेमा नमूना संकलन गर्ने व्यक्तिको सहयोग लिने, सो पनि सम्भव नभएमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको इमेलमा प्रमाण सहितको निवेदन पठाउन सकिने छ ।

**१३) किन रिपोर्टमा विवरण फरक हुन्छ?**

⇨ नमुना साथ पठाइएको फारामको विवरणलाई आधार मानेर व्यक्तिगत विवरण कम्प्युटरमा प्रविष्ट हुन्छ। अति आवश्यक पर्ने विवरण कम्प्यूटरमा भर्नै पर्ने गरि सेट गरिएको हुन्छ । तर केहि फारामहरु पूर्णरुपमा नभरिएको, अति आवश्यक विवरण पनि नभरेको, अक्षर नबुझिने तथा गलत विवरण भरेको पाइएको हुन्छ ।सो अवस्थामा कसैसँग नमिल्ने कोडहरु राखेर अगाडी वढिन्छ (जस्तै, उमेर उल्लेख नभएमा ५५५, फोन नं. नभएमा ११११११११११) । थप केहि विवरण टाइप गर्दा मानविय त्रुटिहरु पनिहुन सक्छ । फोन नं.को हकमा रिपोर्टमा उल्लेख भएको नम्वर नमुना संकलन गर्ने व्यक्ति/फोकल पर्सनको पनि हुन सक्छ ।

यदि नमुना संकलन गर्दा भरिने फाराम राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको वेव साइटवाट निकालिपूर्ण रुपमा भरिएको अवस्थामा रिपोर्टमा फरक पर्ने विवरणको अवस्था न्युन हुन जानेछ ।

**१४) "टेकूमा कोभिड १९ को नमूना संकलन गरिरहेको छ", "रिपोर्ट टेकू गएको छ ,त्यही बुझ्नु होला"जस्ता जिज्ञासा भएमाः**

⇨ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला सवैले सुनेको र जानेको केन्द्रिय प्रयोगशाला हुनाले यही सोध्न आउने कार्य सामान्य देखिन्छ। तर टेकूमा कोभिड सँग सम्बन्धित काम गर्ने तीन वटा संस्था छन् : १. शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल (टेकू अस्पताल), २. इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इ.डि.सी.डी.) र ३. राष्ट्रिय जनस्वस्थ्य प्रयोगशाला । त्यसैले टेकूमा सम्पर्क गर्नु भन्दा पहिला आफ्नो काम कुन संस्थाले गरिरहेको छ भन्ने एकीन गरी सेवा लिनु होला ।

**१५) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका रिपोर्टको बैधानिकतावारे जिज्ञासा भएमाः**

⇨ कसैले पेस गरेको रिपोर्टको बैधानिकता वारे जिज्ञासा भएमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको हकमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको वेभसाइट nphl.gov.npमा लगीन गरेर त्यहाँ दिएको निर्देशन अनुसार सो रिपोर्ट हेर्नु या निकाल्नु होला। युजर-नेममा मोवाइलमा आएको कोड वा पेसेन्ट आइ.डी. राखी पासवर्डमा व्यक्तिको थर राख्नुहोला ।

**१६) रिपोर्ट गोपनियताको वारेः**

⇨ आफ्नो मोवाइलमा रिपोर्टको लागिआएको म्यासेज असुरक्षित हुने तरिकाले जो कोहीलाई नदिनुहोला । आफ्नो रिपोर्ट समाजिक संजाल मार्फत पनि सार्वजनिक नगर्नु होला । तपाइको रिपोर्ट परिवर्तन गरेर अरुले दुरुपयोग गर्न सक्छन् ।

कुनै पनि उजुरी, निवेदन या समस्या भएमा:

Email – nphl@nphl.gov.np
Phone - 01-5352421
श्री राजेशकुमार गुप्ता (सूचना अधिकारी) ९८५१२३९९८८
रात्री समयको लागिनमूनाबुझाउनु परेमा:दिनेश थापा मगर (९८२३१६८५४०), नरेश थापा मगर (९८०३१५२१४९)